बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## 'सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम'का लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/११/०१

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम' सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा "भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को दफा ३ बमोजिमका शर्तहरु पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयहरुले कार्यविधिको **अनुसुची-४ मा उल्लेखित क्षेत्रहरुमध्येबाट विद्यालयको आवश्यकता अनुसारको क्षेत्रमा शैक्षिक गुणस्तर सुधारको लागि विस्तृत योजना र मूल्याङ्कनका लागि पुष्टि हुने कागजातहरु सहित कार्यविधिको अनुसूची-२ को ढाँचामा आवेदन** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (आवेदन दिने अन्तिम मिति २०८२/११/१५ सम्म) यस कार्यालयमा प्रस्ताव पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रम | **१. प्रस्ताव पेश गर्ने सामुदायिक माध्यमिक विद्यालयले कार्यविधिको दफा ३ बमोजिम पुरा गर्नु पर्ने शर्तहरु** |
|---|---|
| सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | क. सामुदायिक माध्यमिक विद्यालय (कक्षा १-१२) सम्म सञ्चालन भएको हुनुपर्नेछ,<br>ख. विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्नेछ,<br>ग. विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहबाट विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर सुधार कार्यक्रमहरु नपाएको हुनुपर्नेछ,<br>घ. विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्नेछ,<br>ङ. नमूना (सङ्घीय तथा प्रदेशको), आवासीय र ठुला विद्यालयको रुपमा सञ्चालन नभएको हुनुपर्नेछ,<br>च. आ.व. २०७९/०८० देखि २०८१/०८२ मा प्रदेश सरकारको विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार कार्यक्रम र शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम प्राप्त नगरेको हुनुपर्नेछ,<br>छ. शैक्षिक सत्र २०८२ मा माध्यमिक तह कक्षा ९ देखि १२ सम्ममा कम्तिमा ७५ जना विद्यार्थी भर्ना भई अध्ययनरत हुनुपर्नेछ,<br>ज. आ.व. २०८२/०८३ मा सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका निकायबाट कुनै पनि कार्यक्रम प्राप्त नगरेको हुनुपर्नेछ,<br>झ. विद्यालय सुधार योजना वार्षिक रुपमा अध्यावधिक गरेको हुनुपर्नेछ ।<br>ञ. विद्यालयले आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा प्रवर्द्धनमा सहयोग पुग्ने गरी कार्यविधिको अनुसूची-४ मा उल्लेखित क्षेत्रहरुमध्ये आफ्नो आवश्यकताको आधारमा क्षेत्र वा क्रियाकलाप छनोट गरी प्रस्तावना पेश गर्नुपर्नेछ,<br>ट. यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको स्व:घोषणा पत्र पेश गर्नुपर्नेछ। |
| | **२. प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु** |
| | क. आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा प्रवर्द्धनमा सहयोग पुग्ने गरी कार्यविधिको अनुसूची-४ मा उल्लेखित क्षेत्रहरुमध्ये आफ्नो आवश्यकताको आधारमा क्षेत्र वा क्रियाकलाप छनोट गरी तयार गरेको प्रस्तावना (बजेट कार्यान्वयन योजना सहित)<br>ख. कार्यविधिको अनुसूची-१ बमोजिमको सूचक फारम विद्यालयले अनिवार्य भरी पछिसम्म फरक नपर्ने गरी सो सूचकहरुलाई प्रमाणित गर्ने कागजातहरु ।<br>ठ. शैक्षिक सत्र २०८२ मा IEMIS मा प्रविष्टि गरिएको कक्षागत रुपमा छात्र छात्रा संख्या खुलेको प्रमाणित विद्यार्थी विवरण,<br>ड. अध्यावधिक गरिएको विद्यालय सुधार योजनाको प्रमाणित प्रतिलिपि ।<br>**ग. निम्न अनुसारको सम्बन्धित स्थानीय तहको शिक्षा शाखा/महाशाखाको सिफारिस**<br>१. विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भई हालसम्म म्याद कायम रहेको,<br>२. विद्यालयले सङ्घीय तथा सम्बन्धित स्थानीय तहबाट विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर सुधार कार्यक्रमहरु नपाएको,<br>३. नमूना (सङ्घीय), आवासीय तथा ठुला विद्यालयको रुपमा सञ्चालन नभएको,<br>घ. यस किसिमको कार्यक्रमको लागि अन्य कुनै निकायबाट सहायता वा अनुदान नलिइएको कार्यविधिको दफा ५ बमोजिम विद्यालयको स्व:घोषणा पत्र ।<br>ङ. मूल्याङ्कनका लागि पुष्टि हुने अन्य सम्बद्ध कागजातहरु । |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । | |

पुनश्च: सम्बन्धित कार्यविधि लगायत यस सूचनाको विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट https://sdokavre.bagamati.gov.np/ हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८४७१२३३८१ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ ।

एन मणि अर्याक
कार्यालय प्रमुख